आज मिति २०७९ पौष १८ गते सोमवारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०७९/८० को छैटौं बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शंकरराज पाठक | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स | श्री वच्चुराज वस्याल | | |

निर्णयहरुः-

१. आ.व.२०७९/८० को नगर कार्यपालिकाको पाँचौं बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा छलफल तथा समिक्षा गरियो ।

२. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि,२०७७ तथा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि,२०७७ मा भएको व्यवस्था अनुसार स्वमूल्याङ्कनका उद्येश्य र विधिवारे छलफल गर्दै आ.ब. २०७८/७९ को अन्त्यमा संस्थागत क्षमता र वित्तीय सुशासनको क्षेत्रमा टोखा नगरपालिकाको स्थितिवारे स्वमूल्याङ्कन कार्य तत्काल प्रारम्भ गर्ने ।

३. यस नगरपालिकाको नगरसभाको बाह्रौं अधिवेशन मिति २०७९ पौष २९ गते शुक्रवार विहानको ११:०० वजे बस्ने ।

४. नव सिर्जनशिल कन्स्ट्रक्सन कम्पनी प्रा.लि संग निर्माण सम्झौता भएको ६ नं. वडा कार्यालयको भवन निर्माण (ठेक्का नं. 46/NCB/TM/W/2077-78) को भेरिएसन आदेश सम्वन्धमा प्राविधिकले पेश गरेको प्रतिवेदन उपर छलफल गर्दा पेश भए अनुसारको आईटमहरुको क्वान्टिटि भेरिएसन आदेश वापतको रु.२२५२९३६.५६ ( भ्याट वाहेक) को रकममा सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम हुनेगरी भेरिएसन आदेश स्वीकृत गरी कार्यान्वयन प्रकृया अगाडि वढाउने ।

५. Get Construction P. Ltd. संग सम्झौता भएको Construction of hall finishing at Tilingater ma bi black-B, ward-07 निर्माण (ठेक्का नं. 45/NCB/TM/W/2078-79) को भेरिएसन आदेश सम्वन्धमा प्राविधिकले पेश गरेको प्रतिवेदन उपर छलफल गर्दा पेश भए अनुसारको आईटमको परिमाणमा थपघट गर्नु पर्ने भएकोले ठेक्का सम्झौतामा उल्लेखित दररेटमा फरक नपर्ने र Item no 40,41 ( Item-VO) को दरमा ३०.३६ घटी प्रतिशत दररेट कायम हुने गरी पेश भए वमोजिमको थप-घट हुने आईटमहरुको परिमाण(Quantity-VO र Item-VO) सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम हुनेगरी स्वीकृत गरी कार्यान्वयन प्रकृया अगाडि वढाउने ।

६. कुहिने र नकुहिने फोहोरमैला व्यवस्थापन कार्यका लागि वडा नं. ९ मा तालिम संचालनका लागि एघारौं नगरसभाको सि.नं. २२१ मा विनियोजित रकम मध्येवाट रु २ लाख ६० हजार विनियोजन गरि तालिम संचालन प्रकृया अगाडि वढाउने ।

७. नगरपालिका भित्र रहेका तपशिल वमोजिमका सार्वजनिक जग्गाहरुमा सम्वन्धित वडा कार्यालयहरुको सिफारिसका आधारमा विभिन्न संरचना (सामुदायीक भवन/ पाटी/ मठमन्दिर आदि) निर्माण प्रकृया अगाडि वढाउने ।

| सि.नं. | निर्माण हुने संरचनाको नाम | वडा नं. | वडाको सिफारिसको मिति र च.नं. | सार्वजनिक जग्गाको साविक गा.वि.स/ वडा/ कि.नं |
|---|---|---|---|---|
| १ | गैह्रीगाउँ सामुदायिक भवन निर्माण | १ | २०७९-९-७, ११८६ | झोरमहाँकाल/८घ/ कि.नं. ११ को सार्वजनिक जग्गा |
| २ | कोलापाखा वृद्धाश्रम | १ | २०७९-९-१३, १२३१ | झोरमहाँकाल/१ क/ कि.नं. १४५ |

| | | | | |
|---|---|---|---|---|
| | भवन निर्माण स्थल वाल निर्माण | | | को सार्वजनिक जग्गा |
| ३ | राधाकृष्ण मन्दिर निर्माण | १ | २०७९-८२५, १०७६ | झोरमहाँकाल/८ / कि.नं. १२१ को सार्वजनिक जग्गा मध्येवाट अधिकतम ६ आना मात्र जग्गा एक छेउवाट उपलव्ध गराई निर्माण गर्ने |
| ४ | तरिख्य पाटी एवं गेट निर्माण | २ | २०७९-९-१८, ११९० | चण्डेश्वरी /२ ख / कि.नं. १६९ को सार्वजनिक जग्गा |
| ५ | बिडारीगाउँ ढाँडखोला क्रियापुत्री ट्रस निर्माण | १ | २०७९-८-२०,१०४२ | झोरमहाँकाल / ५ क / कि.नं. १०१ को सार्वजनिक जग्गा |

८. तपशिल बमोजिमका व्यावसायीहरुलाई टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने ।

| सि.नं. | निर्माण व्यावसायीको नाम | व्यावसाय रहने वडा नं. | कै. |
|---|---|---|---|
| १ | पावर एस.ए. कन्स्ट्रक्सन प्रा.लि. | टोखा-११ | |
| २ | रियांश इन्टरप्राईजेज एण्ड निर्माण कम्पनि प्रा.लि | | |
| ३ | आर. स्टार बिल्डर्स प्रा.लि | टोखा-१० | |
| ४ | बि.एन.पी बिल्डर्स प्रा.लि | टोखा-८ | |
| ५ | ईरिका बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि | टोखा-११ | |
| ६ | पर्वत बिल्डर्स एण्ड ईन्जिनियरिङ सर्भिसेस प्रा.लि | टोखा-११ | |
| ७ | करुणाकेश्वर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा-३ | |
| ८ | फ्रिम्यान कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा-११ | |
| ९ | दिपान्शु कन्स्ट्रक्सन प्रा.लि | टोखा-११ | |
| १० | रोडवेज बि.एस.कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा-११ | |
| ११ | बिरुपाक्ष बिल्डर्स प्रा.लि | टोखा-११ | |
| १२ | जिमी हाँङ कन्स्ट्रक्सन प्रा.लि | टोखा-६ | |
| १३ | मोक्तान तियाना तेर्जिना कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा-११ | |
| १४ | कर्णाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा-३ | |
| १५ | श्री एस.कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा-११ | |
| १६ | नुवाकोट भैरवी कनस्ट्रक्सन | टोखा-८ | |
| १७ | मान्यता ईन्फ्रा एण्ड कन्सल्टेन्ट प्रा.लि | टोखा-१० | |
| १८ | सर्वशक्ति डेभलपर्स प्रा.लि | टोखा-१० | |
| १९ | काईला निर्माण सेवा | टोखा-७ | |
| २० | रामकाजी कन्स्ट्रक्सन एण्ड सप्लायर्स | टोखा-३ | |

९. आगामी आ.ब २०८०/८१ को लागि संघीय तथा प्रदेश समपुरक एंव विशेष अनुदान अन्तर्गत यस नगरपालिका क्षेत्रमा सञ्चालन गरिने तपशिल वमोजिमको योजना तथा कार्यक्रम माग गर्ने साथै समपुरक योजना तथा कार्यक्रम संचालनको लागि आवश्यक पर्ने समपुरक रकम नगरसभावाट विनियोजन गर्ने निर्णय गरियो।

१. टोखा नगरपालिका वडा नं. ३ को भत्केकोपूल देखि वडा नं. २ को पन्चेटार भिल्ली निस्कने सडक स्तरोउन्नतीको लागि संघीय समपुरक अनुदानवाट रकम माग गर्ने।

२. टोखा नगरपालिका वडा नं. १ को बौडेश्वर पार्कको बाँकी निर्माण कार्यको लागि संघीय विशेष अनुदानवाट रकम माग गर्ने।

१०. काठमाडौं चक्रपथ सुधार योजना एकान्तकुना, ललितपुरको मिति २०७९-८-२५ को मूर्ति व्यवस्थापन गरिदिने पत्रानुसार चक्रपथ सुधारको कंलकी देखि वसुन्धारा सम्म ६ मिटर ट्र्याकरोड सहित जम्मा सडकको केन्द्रवाट ३१/३१ मि. सम्म रहेको भौतिक संरचनाहरु हटाउने सम्वन्धमा मिचि २०७९-८-१६ को कान्तिपुर दैनिकमा सूचना प्रकाशित भएको र टोखा नगरपालिकाको सन्दर्भमा टोखा नगरपालिका वडा नं. ९ गोगंवुँ स्थित मुक्तेश्वर शिव मन्दिर को मूर्ति व्यवस्थापनको लागि लेखि आएकोमा उक्त महादेव मन्दिर वडा नं. ९ को वडा कार्यालय भवन संगै रहेको साविक गोगंवुँ वडा नं. ६ कि.नं. ८१ को जग्गामा महानगरीय प्रहरी प्रभागको भवनवाट ४५ फिट जग्गा खाली छोडी बाँकी रहेको २७.५० फिट जग्गामा विष्णुमति नदीको मापदण्ड छोडी मुक्तेश्वर महादेव मन्दिर निर्माण तथा मूर्ति व्यवस्थापन प्रकृया स्थानीय उपभोक्ता समिति मार्फत अगाडि वढाउने साथै सो कार्यका लागि एघारौं नगरसभाको सि.नं. २४७ मा विनियोजित नगर पूर्वाधार विकास विशेष कार्यक्रमवाट रु ३७ लाख ७५ हजार विनियोजन गर्ने उक्त विनियोजित रकमलाई आगामी नगरसभावाट अनुमोदन गर्ने गरी हाललाई सम्झौता प्रकृया अगाडि वढाउने ।

११. औषधि उपचार सहायता माग गरेका आर्थिक अवस्था कमजोर भएका तपशिल वमोजिमका व्यक्तिहरुलाई चिकित्सकको प्रेस्किप्सन र वील भर्पाई वमोजिम हुने गरी औषधि उपचार खर्च शिर्षकवाट तपशिल वमोजिमको रकम उपलव्ध गराउने।

क. वडा नं. १० वस्ने श्री राजेश महर्जन रु ७५ हजार

१२. टोखा नगरपालिकाका जनप्रतिनिधिहरुको पहिचानको लागि सार्वजनिक सूचना मार्फत नगरपालिकाको लोगो डिजाईन गर्ने, उत्कृष्ठ लोगोलाई नगरपालिकाको लोगोको रुपमा स्वीकृत गरी सो डिजाईन गर्ने व्यक्ति/संस्थालाई उचित पुरस्कार प्रदान गर्ने।

१३. 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ मा तपशिल वमोजिम संशोधन गर्ने।

क. कार्यविधिको अनुसूची ५ को वुदाँ १ मा रहेको उद्योग विभाग भन्ने शव्दको सट्टा **"कम्पनी रजिष्टारको कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय वा प्रचलित कानुन वमोजिम दर्ता हुनु पर्ने अन्य निकाय"** भन्ने शव्द राख्ने।

ख. कार्यविधिको अनुसूची ५ को वुदाँ २ मा रहेको सिभिल ईन्जिनियरिङग विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तिर्ण भन्ने शव्दको सट्टा **"सिभिल ईन्जिनियरिङ्ग विषयमा कम्तिमा स्नातक तह उत्तिर्ण"** भन्ने शव्द राख्ने

ग. कार्यविधिको अनुसूची ५ को वुदाँ ३ को सट्टा तपशिल वमोजिम राख्ने ।

३. मेसिन र उपकरण

क. ट्रिपर वा ट्याक्टर वा मिनी टाटा ( एक थान)

ख. मिक्सचर ( एक थान)

ग. Theodolite / Total Station/ Level Machine ( एक थान)

घ. वाटर पम्प ( एक थान)

ङ. भाईब्रेटर ( एक थान)

च. कम्पनी/ फर्मको नाममा रहेको जग्गा/घर वा घर वहाल सम्झौता

घ. कार्यविधिको अनुसूची ५ को द्रष्टव्य खण्डको वुदाँ १ को सट्टा तपशिल वमोजिम राख्ने

१. ३ क र ख मा उल्लेख भएको उपकरण सम्वन्धमा भाडा वा लिजमा लिएको भए सो को प्रमाण पेश गर्नु पर्ने । सो वाहेकका उपकरणहरु सम्वन्धित फर्म/ कम्पनि स्वंमको स्वामित्वमा भएको प्रमाण पेश गर्नु पर्ने । साथै हाल कार्यालयमा दर्ता भएको भएको निवेदन माथि जाँचवुझ गर्ने प्रयोजनका लागि ३(ख) को उपकरण समेत भाडामा लिएको प्रमाण पेश गर्नु पर्ने र नयाँ दर्ता हुने फर्मका सम्वन्धमा उक्त ख को सामाग्री आफ्नो स्वामित्वमा भएको हुनु पर्ने ।

१४. द टोखाली व्वाईज नामक संस्थालाई टोखा प्रथम मेयर कप ब्याडमिन्टन प्रतियोगिता-२०७९ का लागि खेलकूद शिर्षकवाट रु ७ लाख उपलव्ध गराउने ।

१५. नेपाल तामाङ घेदुङलाई ल्होछार पर्व विशेष कार्यक्रम संचालनको लागि संस्कृति संरक्षण कोषवाट रु.२ लाख उपलव्ध गराउने ।

१६. ११ वडा अन्तर्गतका अटिजम भएका व्यक्तिहरुको अटिजम पहिचान तथा न्यूनिकरण कार्यक्रमका लागि लक्षित वर्ग कार्यक्रम शिर्षकवाट रु ५ लाख उपलव्ध गराउने ।

१७. महानगरीय प्रहरी वृत्त महाराजगञ्जको सवारी सधान मर्मतको लागि लागत अनुमान वमोजिमको रकम उपलव्ध गराउने ।

१८. यस नगरपालिका क्षेत्र भित्र दर्ता भई संचालनमा आएका तर करको दायरामा नआएका व्यावसायीहरुले तिर्नु पर्ने व्यावसायकर र सम्पतिकर तिर्ने एवं नगरपालिकामा दर्ता नभई व्यावसाय सञ्चालन गरिरहेका व्यावसायीहरुले तत्कालै सम्वन्धित वडा कार्यालयमा व्यावसाय दर्ता गरी कर तिर्ने साथै टोखा नगरपालिका भित्र रहेका व्यक्ति तथा संस्थाले प्रचलित कानुन वमोजिम तिर्नु वा वुझाउनु पर्ने सम्पतिकर र वहालकर समेत १५ (पन्ध्र) दिन भित्र सम्वन्धित वडा कार्यालयमा वुझाउन सार्वजनिक सूचना जारी गर्दै ठुला करदाताहरुलाई पत्राचार समेत गर्ने ।

१९. १ नं. वडा कार्यालयको मिति २०७९-९-७ को सिफारिस अनुसार वडा नं. १ स्थित गैह्रीगाउँ टोलमा खानेपानी ट्याङ्की निर्माण तथा मर्मत सम्भार कार्यको लागि **गैह्रीगाउँ खानेपानी टोल विकास संस्था** दर्ता गर्ने ।

२०. स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११(४) (ठ) ले प्रदान गरेको अधिकार प्रयोग गरी नगरपालिका भित्रका स्थानीय स्तरका सङ्घ, संस्था,समिति ( टोल विकास संस्था,उपभोक्ता समिति,महिला समूह, खेलकूल संघ/समिति, वाल समिति, खानेपानी तथा सरसफाई उपभोक्ता समिति लगायत प्रचलित कानुन वमोजिम दर्ता हुने

अन्य संघ/संस्था/समिति) को दर्ता तथा नविकरण गर्ने अधिकार नगरपालिकाको महिला तथा वालवालिका शाखालाई प्रदान गर्ने । साथै उल्लेखित संघ/संस्था/समिति दर्ताको लागि आवश्यक पर्ने कार्यविधि तयार गर्ने जिम्मेवारी महिला वालवालिका शाखालाई प्रदान गर्ने ।

२१. सगरमाथा म्युजिकल अवार्ड, २०७९ संचालनको लागि संस्कृति संरक्षण कोषवाट रु. २ लाख Artha Nepal Pvt. Ltd. लाई उपलब्ध गराउने ।

२२. ३ नं. वडा कार्यालयको सिफारिस अनुसार बखुन्डोल वस्तीमा सडक वत्ती जडानको लागि एघारौं नगरसभाको सि.नं. २३३ ( मेयर उज्यालो कार्यक्रममा) मा विनियोजित रकम मध्येवाट लागत अनुमान अनुसारको रकम रु ७०७८५०/- विनियोजन गर्ने ।

२३. टोखा नगरपालिका वडा नं. ३ स्थित सरस्वती मा.वि.मा कार्यरत मा.वि. तृतीय शिक्षक श्री भिमसेन अधिकारीलाई वडा नं. १ स्थित बौंडेश्वर मा.वि.मा काज सरुवा गर्ने ।

२४. चालु आ.ब.२०७९/८० मा **मेयर दीर्घायु कार्यक्रम** संचालन गर्न नगरपालिकामा रहेका विद्यमान जनशक्तिले अपुग हुने भएकोले मेयर दीर्घायु कार्यक्रम संचालन कार्यविधि,२०७८ बमोजिम सेवा सुविधा पाउने गरी चालु आ.ब.को उक्त कार्यक्रम संचालन अवधि सम्म तपशिल वमोजिमका व्यक्तिहरुलाई विभिन्न पदमा रही कामकाज गर्ने गरी परिचालन गर्ने ।

क. ज्ञानु भण्डारी- स्टाफ नर्स

ख. राजाराम श्रेष्ठ- फार्मेसी सहायक

ग. नविना श्रेष्ठ – ल्याव टेक्निसियन

घ. रोजी डंगोल- ल्याव टक्निसियन

ङ. मोहनमान श्रेष्ठ- अ.हे.व

२५. वडा नं. २ को आधारभूत स्वास्थ्य केन्द्र मर्मत/ पार्टेशन कार्यका लागि एघारौं नगरसभाको सि.नं. २२९ मा विनियोजित रकम मध्येवाट रु ६ लाख विनियोजन गर्ने ।

२६. वडा नं. २ र ३ मा खानेपानी पाईपलाईन घर घरमा जडान कार्यका लागि विस्तृत परियोजना प्रस्ताव तयार गर्न नगर विकास कोषलाई अनुरोध गर्ने ।

२७. वडा नं. ३ को भूतखेल चौरमा अण्डरग्राउण्ड पार्किङ, प्याराफिट सहितको खेलमैदान, ऐतिहासिक मठमन्दिरहरुको पुन निर्माणको लागि विस्तृत परियोजना प्रस्ताव तयारको लागि नगरविकास कोषलाई अनुरोध गर्ने ।

२८. वडा नं. ३ मा रहेको बालप्रेमी क्लवको खेलकूद कार्यक्रमका लागि रु १ लाख ५० हजार खेलकूद विकास कोषवाट उपलव्ध गराउने ।

२९. सहकारीको अवधारणा वर्तमान अवस्था र सुधारका उपायका सम्वन्धमा जनप्रतिनिधिसंग अन्तर्क्रिया गोष्टी कार्यक्रमको लागि कार्यक्रम खर्चवाट रु २ लाख १० हजार थप गर्ने ।